Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चेतनाको प्रस्फुटन

कविता संग्रह

C·C9
६६चे

निर्मल कुमार रिमाल

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चेतनाका प्रस्फुटन

कविता संग्रह

निर्मल कुमार टिमाल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रकाशिका	:	अम्बिका रिमाल ५११, कालिका मार्ग, काठमाडौं, नेपाल फोन : ४४२०५८६
संस्करण	:	प्रथम, २०६१
सर्वाधिकार ©	:	लेखकमा सुरक्षित
मुद्रण	:	लुम्बिनी अफसेट प्रेस, काठमाडौं फोन : ४४४५५२१
मूल्य	:	ने.रु. ३५/–

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

स्वर्गीय पिता नरेन्द्रनाथ रिमाल
र
स्वर्गीय माता शेष मञ्जरीदेवी रिमाल
तथा
विश्वमा असल कार्य गर्ने व्यक्तित्वहरुको सम्झनामा
सादर समर्पण ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आफ्नो कविताबारे

"चेतनाको प्रस्फुटन" नामक कविता-संग्रह प्रकाशित गरुँला, भन्ने मैले सपनामा पनि सोचेको थिइनँ । २०१३ सालदेखि २०१७ सालसम्म मनमा उठेका भावहरू –त्यसै कोरेर धन्क्याई बसेको थिएँ । मेरा कविताहरूमा 'केही छ' जस्तो लाग्दैनथ्यो मलाई –त्यस बेला । कहिले-काँही जमघटमा आफ्ना कविता साथी- संगीहरूलाई सुनाउन मन लाग्थ्यो । भाव विभोर भई गुन्गुनाउदथें । केही क्षण 'वाह ! वाह !' हुन्थ्यो । दिन, महिना, वर्ष बित्दै गए, कविता प्रकाशित गर्ने सोच पलाएन ।

एक्कासि एक दिन एक मित्रले मेरो कविता अंग्रेजीमा अनुवाद गर्ने मनसाय प्रकट गरे । पहिले त मलाई उनको कुरामा हाँसो उठ्यो । तर पछि 'अंग्रेजीमा अनुवाद गराई प्रकाशित गर्न पाए त हुन्थ्यो' भन्ने जिज्ञासा कता कता उदायो ।

नभन्दै मैले झण्डै पाँच दशकअगाडि रचेका कविताहरूमध्येबाट ४३ ओटा कविताहरू छानेर, ती मित्रले अनुवाद गरे । यो अनुवाद गरेको कविता हेरेपछि ममा कुनै न कुनै रूपमा कवित्व छ, भन्ने विश्वास जाग्यो ।

फलस्वरुप **Human Hopes Revived** शिर्षक दिएर, मेरो कविता हाम्रो संस्था "नवीन कला मन्दिर"बाट प्रकाशित गराएँ । त्यसपछि –त म मा कविताको बाढी नै आयो । डेढ वर्षको अन्तरालमा –मैले झण्डै एक हजार ओटा कविता कोरिसकेछु । अब विस्तार विस्तार प्रकाशित गर्ने तरखरमा छुँ म ।

·"चेतनाको प्रस्फुटन" नामक ,कविता-संग्रहमा श्री श्यामदास वैष्णवज्यूले मलाई ठूलो गुण लगाउनु भएको छ । भाव नमारी भाषागत गल्तीहरूलाई सुधारी मेरो कवितालाई जीवन्तता प्रदान गर्नुहुने श्री श्यामदास वैष्णवज्यूको जति गुणगान गाएपनि कमै हुन्छ । कम्प्यूटर टाइप सेटिङ्गमा सहयोग गर्नुहुने सुश्री शान्ति दाहालमा पनि म आभार प्रकट गर्न चाहन्छु । अन्तमा –मेरा कृतिहरूलाई सुरक्षित राखी मलाई प्रकाशित गर्न प्रेरणा दिने मेरी श्रीमती अम्बिका रिमाल धन्यवादकी पात्र छिन् ।

–निर्मल कुमार रिमाल ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

केही उद्‌गार –रचनाप्रति

१. निकै संवेदन-शीलता छ –निर्मल कुमार रिमालज्यूको कृतिमा । वास्तवमा 'संवेदना' नै मान्छेको 'विशेष गुण' हो । जसलाई 'सहृदयता' पनि भन्न सकिन्छ । हेरी-बुझी ल्याउँदा 'संवेदनशील' व्यक्तित्त्वहरू –कवि, वैज्ञानिक, नेता र उपकारक देखिएका छन् । 'सूक्ष्मता' नै रहेछ भन्ने देखिन्छ –संवेदनशीलता । यसले मनुष्यलाई – मर्मज्ञ र सर्वज्ञ बनाउँछ भन्ने बोध हुन्छ ।

२. अनुभवले हामीलाई –'मान्छे' तीन प्रकारका (विशेषतः) हुन्छन्, भन्ने देखाएको छ । यिनीहरू प्रवृत्ति –घर परिवार र समय तथा स्थिति अनुसार संचालित हुने देखिन्छन् । विश्लेषण गरी हेर्दा –त्यागी मान्छे, लोभी मान्छे र पशुमान्छे देखिन आउँछन् –सचेतको सामू । संवेदन-शील मान्छे चाहिं –'उध्दारक', 'सुधारक' र 'आविष्कारक' देखिंदोरहेछ । यस दृष्टिले –लेखन-कृतिलाई पनि आविष्कारै मान्न सकिन्छ । जसले –पढ्ने वा सुन्नेको मनलाई 'परिष्कृत' गराउँछ ।

३. यही परिष्कृतिको गुण निर्मलज्यूको कृतिमा पाइन्छ । विशेषतः कोमलता र मनोहरता उहाँको भावनामा उद्‌भाषित भएका छन् । यद्यपि – सुधारको चेत पनि नपाइने हैन कृतिमा । देशको स्थिति नसुधिएकोमा 'आक्रोशित' पनि देखिनुहुन्छ उहाँ । तर बढी सौजन्यता नै झल्केको छ भावनामा ।

४. अन्तमा निर्मलज्यूले दर्शाउनु भएको विविध प्रकारका अभिव्यक्तिको रसस्वादन गर्नु, सबैको निम्ति –उपयोगी नै होला, भन्ने ठान्दछु र 'उद्‌बोधक' प्रति धन्यवाद अर्पन्छु ।

–श्यामदास वैष्णव (सं प्राज्ञ)
ज्ञानेश्वरपथ (२८४)
फोन नं. ४४२२१७९
०६१/४/६/४

विषयसूची

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

✪ निर्जन पथ	१	✪ सुखको संसार	२१
✪ वेदना	२	✪ वे-सहारा जीवन	२२
✪ पुरानो साथी	३	✪ शक्ति-तत्त्व	२३
✪ आश अँगाली	४	✪ धरतीको बोझ	२४
✪ आदि र अन्त	५	✪ व्यर्थ-जीवन	२५
✪ कसको जीवन भर्ने कसले ?	६	✪ ज्योति-विहीनता	२६
✪ कवि	७	✪ डुब्यो नाउ	२७
✪ देवकोटाप्रति	८	✪ को छ र आफ्नो ?	२८
✪ व्यथा	९	✪ जवाफको आशा	२९
✪ गाइरहूँला	१०	✪ उज्यालो बाटो	३०
✪ शिविर	११	✪ प्रभात	३१
✪ चन्द्र र तारा	१२	✪ इशारा	३२
✪ जनता जनार्दन	१३	✪ विनाप्रेमको कहानी	३३
✪ विह्वल मन	१४	✪ मूर्दा देश	३४
✪ एक्लो पथिक	१५	✪ पागल-प्रेम	३५
✪ यशोधराको प्रलाप	१६	✪ जीवन-खरानी	३६
✪ पत्थर दिल	१७	✪ मानिसको जात	३७
✪ हँसिलो शान	१८	✪ कठ-पुतली	३८
✪ जीवन-संग्राम	१९	✪ तिम्रो याद	३९
✪ घायल जीवन	२०	✪ प्रेम-सागर	४०
		✪ चञ्चल-नयन	४१

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

✪ साँच्चि नै भनौं त ४२
✪ आधार ४३
✪ अराजक संसार ४४
✪ साँझको वेला ४५
✪ के रहेछ ? ४६
✪ डढेको मानिस ४७
✪ जलाइरहेछन्, डढाइहेछन् ४८
✪ अमृत वर्षा ४९
✪ काव्य ५०
✪ तिर्सना ५१
✪ फूल फुलेको बागमा ५२
✪ अधिर मन ५३
✪ सुन्दरी : धरतीकी ५४
✪ खेल्नेबानी ५५
✪ निर्मल धरती ५७
✪ बोली ५८
✪ माता शारदे ! ५९
✪ दृश्य-अदृश्य ६०
✪ प्रेमको मूल्य ६१
✪ पीडा ६२
✪ हिमाल हाँसिरहेछ ६३
✪ के फुल्न सक्ला –सद्भावको फूल ? ६४
✪ म को थिएँ ? ६६
✪ स्वाँग ६७
✪ प्रश्न ६८
✪ चिसो चूलो ७०
✪ सात सालको संझना ७१
✪ विपना-सपना ७३
✪ रहर ७४
✪ मायाजाल ७५
✪ उज्यालो अँध्यारो –को घटना ७६
✪ विश्व-शान्ति ७७
✪ अँध्यारो रात ७९
✪ यदि म ८०
✪ अनमोल घडी ८१
✪ प्रेम-लहर ८२
✪ तिमी हाँसिदेऊ ! ८३
✪ समस्या ८४
✪ रमाइलो दिन ८६
✪ म आफूलाई चिन्दिन ८७
✪ सेवाको भाव ८८
✪ आत्म-विश्वास ८९

निर्जन - पथ

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

एकलास निर्जन-पथमा कहीं !
ताराहरू टिलपिल गर्थे –आकाशमा रही ।
जिन्दगी हराउन गयो, एक क्षणको खुशीमा !
आशा बिलाउन थाल्यो –अदृश्य स्थानमा ।

पहिले त मनमा लहर चलेथ्यो अनेक ।
भावनामा संसार रङ्गिदा भएँ उदेक !
विरह बुझ्न सकेन कसैले भित्रको मेरो ।
कल्पनाले भुलायो लगाई घेरो ।

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

वेदना

मनको 'वेदना' ग पोखुँ कसरी ?
सार छैन केही, बाँच्ने हो कसरी ?

विरह व्यथाले सल्किएको छ मन ।
जीवन नै अल्झिएको देखिन्छ झन् ।
रहूँ कति दिन, म जिउँदै मरी ?

शान्ति टिकेको छ –आशाको भरमा !
फुलेको छ फूल –दुःखको जहरमा !
रिङ्दछु उसै म –वरिपरि ।

सुनसान बाटोमा छु चिन्तनमा !
बिर्सिन गएछु आफैंलाइ –अनौठो धूनमा !
कसरी सरुँ म, यस्तोमा घरि घरि ?

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पुरानो साथी

मेरा अभिन्न साथी पुराना !
तिम्रो याद मनमा आउँछ ।

जब वादलले आकाश ढाकी
दिनलाइ अँध्यारो गराउँछ ।
तिम्रो स्मरणले किन हो गलाई–
कता कता झस्काउँछ ।

तिम्रो नजीक हुन अनेकौं
आशाको दीप जलाएथें !
जीवन वरवाद भई-जाँदा
आशामा निराशा उब्जाएथें ।

जस्तै कठोर तिमी भए पनि–
उज्ज्वल अभिलाषा पन्छाए पनि–
मधुर भावमा नजीक आई
तिम्रो 'झकझल्कोले' ब्यूँझाउँछ ।
तिम्रो याद मनमा आउँछ ।

>>>

Digitization by eGangotri and Heritage-Foundation of America. HHFA(USA)

आरा अँगाली

स्मरण' बनेको आश अँगाली
बिर्सी त्यसै कसरी फ्याक्ने ?

जीवन-बन्धन गाह्रो गाँठो !
तै पनि किन भो भाव अनौठो ?
किन डुब्ने यसमा रित्तिन खालि ?
रुनु नै किन यो हृदय पगाली ?

लिनु त छैन, यस संसारमा
लागि परेर कुनै व्यवहारमा ।
उत्सुकतापूर्ति गरेर –फैलिँदै
'साकार' गराऔं, भाव सँगाल्दै ॥

➢➢➢

Digitization by Hindu Heritage-Foundation of America. HHFA(USA)

आदि र अन्त

न बीचमा छु, –न आदि न अन्तमा
बसेको छु मौन बनी –सुनसान एकान्तमा ।
कैयौं वसन्त आए, कति हरियाली छाए
आफ्नो मनको आश, मनैभित्र वैलाए !

म बनेको छु एक मानिस–
दूर कतैतिर –देख्ने ।
वर्षाको वादल झैं –केवल वह पोख्ने !

आगोको जलनले –भित्र छटपटाइ-रहन्छु !
सरिता बहाउने आकांक्षा, मात्र सँगालिरहन्छु ।

जीवनको संग्राममा नित्य लड्दै-पड्दै !
कति बोकुँ व्यथा, कति रहूँ म सड्दै ?

पृथ्वी जब रुन्छ, यत्रतत्र –रुन्चे स्वरमा !
म कहाँ टेकेर उभिऊँ, कसको रहूँ भरमा ?

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कसको जीवन भर्ने कसले ?

आफ्नो मनको चाह मात्रले
पूर्ण हुनेछ 'आश' –भन्ने छैन ।
रातको निस्पट्ट अन्धकारमा
रंगीन देखिने, संसारमा
सब ती उज्ज्वलताको सामू–
हुन्छ विलीन, किन विनासारमा ?

खोज्दछु, भन्ने मनको अठोट
चन्द्र र तारा टिल्पिल गर्दै,
रोइ-रहेका नयनहरू भर्दै
आश्वासनले संकेत गरेको–
'पागल' भै –हालत देखिरहेको–
कसको जीवन –भर्ने कसले ?
कसको पीडा –हर्ने कसले ?

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कवि

कल्पना र भावना नै हो
मेरो जिन्दगीको –'गति'।
जगाई हिंड्ने गर्दछु म
जगमा यसको 'स्मृति'।

पछिका दृश्य पनि–
अगाडि नै ल्याउँदछु म!
मूर्दा-तुल्य जीवनलाई पनि
सजीव गराउँछु म।

कविलाइ नै मान्दछु म–
'सूक्ष्म द्रष्टा' अगम –निराला।
कमै होलान् संसारमा
देखिने मान्छे उज्याला।

म भित्रको कविले देखाउँछ –यसैले
जगको अनेकौं –चाला-माला।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दैवकोटाप्रति

तिमी 'आफू' त हेर्दाहेर्दै बिलायौ !
तर, भाव दिलमा जगायौ ।
अन्तिम 'सपना' विपना गराई
व्यापक मार्ग अपनायौ ‼

दुख र पीरमा आँच नल्याई,
प्यारो वचनले सबलाइ रिझाई,
सबमा गहिरो 'याद' गढायौ !

"सत्य नै सुन्दर, सुन्दर नै सत्य"
बोलेर बोल, खोली रहस्य–
अदृश्य भई आफू, सबलाई ब्यूँझायौ !

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

व्यथा

पोखूँ कति मात्र मनको व्यथा ?
बाँकी छैन अब –केही कथा !
कसले सुनेथ्यो, कसले देखेथ्यो ?
जलाउने, रुझाउने, के कुरा बुझेथ्यो ?

कस्तो गजबको यो जिन्दगानी ?
शान्ति-मार्ग रुचाउने जानी जानी ।
बिग्रिएछ क्यारे बाटो, सबलाई देखाउने !
चित्त बुझाई सबले कुन बाटो हो रोज्ने ?

लाखौं गइसके, केवल होश नै छ साथी
सुनसान छाँयामा बढ्न विराजी !
बरवाद जिन्दगीको –के ठान्ने ज्यथा ?
पोखुँ कति मात्र –मनको व्यथा ?

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गाई-रहूँला

गाइरहूँला तिम्रै यादमा
'दीप' प्रेमको सल्काइरहूँला ।
उत्सुकताले मौन-हृदयकन
व्यग्र तुल्याई –नवरंग भर्‍यो ।

पल-पल तिम्रै मुहार संझी
दिल यो मेरो –रसाइरहूँला ।
प्यासी भँवर भै फुलबारीमा
इन्द्रेणी भर्दै, नील गगनमा–
अमूल्य जीवन अर्पण गर्दै–
तिम्रै नजीकमा रमाइरहूँला ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शिविर

हिंड जाऊँ घुम्न, कतै शिविरमा
दुइ प्रेमी जुटौंला, छहारी-तलमा !

हरियालीले वेष्टित जंगल-पर्वत
जहाँ खोला-नाला बग्छन् सतत !

चन्द्र र ताराहरू झुम्ने छन् त्यहाँ ।
झरती पनि खुशीले नाच्नेछिन् जहाँ !

गीत गाउँला हामी, मिलनमा रमाई
कसौंला प्रेमको बन्धन, बलियो गराई !

टुटोस्, मायाको गाँठो जीवन भरलाई
क वस्ती बसालौंला –नयाँ गराई !

खेलौंला मनोरम खेल –नभ नै झुकाई
हेरिरहलान् जहाँ चन्द्रमाले चिहाई ।

>>>

Digitization by Hindu Heritage-Foundation of America. HHFA(USA)

चन्द्र र तारा

म देख्दछु नभमा –चन्द्र र तारा
सबै सबै ती –रोइरहेका !
उल्लास र उमङ्गको कहानी–
पोख्न नपाई, छटपटिइरहेका ।

कति सहृदयता देखाई हिंड्ने ?
बहाउने हो कति कविता ?
कति साहित्यलाई सिंगारेर
देखाउने हो रमिता ?
देख्दछु म –सर्वत्र, झोक्राइरहेका !
कति कति सच्चा प्रेम-पुजारी !
आत्म-सम्मानका कति अधिकारी
विरक्तिएर छन् वैलाइरहेका !

➢➢➢

Digitized by Himalayan Heritage-Foundation of America. HHFA(USA)

फूल फुल्यो लौ, मनको बारीमा !
जगतै थाल्यो झुम्न, सुन्दर छहारीमा ।

न कुनै –राग द्वेषको गुँफन छ यहाँ !
न कुनै –घृणित मान्छेको गर्जन छ यहाँ ।

सबै मिलीजुली, खेल मनोहर खेल्छन् ।
बिर्सी मनको व्यथा, शान्त बनेर विचर्छन् ।

'कस्तो विचित्र थलो यो' कल्ले भन्ने ?
जागेको चेतन-दीप कसरी निभ्ने ?

वस्तुस्थितिको ज्ञान गरी उपार्जन
विश्वासमा रमाउँछन्, जनता-जनार्दन ।

दृश्य मनोहर दर्शिन गो, वारी-पारीमा !
उल्लास सबैतिर फैलियो, लौ संसारीमा ।

>>>

Digitized by Hindu Heritage-Foundation of America. HHFA(USA)

विह्वल मन

विह्वल मन यो कसरी बुझाऊँ ?
वेचैनीमा –के रीत निभाऊँ ?

सुनसान नभका ताराहरूले
खलबल गर्दै धैर्य टुटाए !
केवल भू-को शोभाले नै–
यो मनलाइ कसरी अडाऊँ ?

शीतल शशिको बुझी इशारा
सर-सर आनन्दी छवि झारी !
परी स्वर्गकी आउँछे कि भनी
यो तन कसरी शान्त गराऊँ ?
विह्वल मन यो कसरी बुझाऊँ ?

➢➢➢

एक्लो पथिक

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

छु, म बनेको पथिक अकेला ।
जीवन-ज्योति तमाम नै–
लाग्यो निभ्न –बत्ती झैं ।
फर्की –जान्छु म भन्दा फेरि
झस्कन्छु, समय बितेको वेला !

साथ छ दिलमा 'अबोल आशा'
पुकार मेरो कसले सुन्ने ?
दिल रोएको कसले देख्ने ?
अनन्ततातिर नजर पुऱ्याई–
बिर्सूं भन्दछु, यी सबलाई !
मेरो अभावमा, के जग रोला ?

गर्दिन कसैसँग पनि म उजूर
चाहे हुँ, आफैं –चकनाचूर !
विगत-कथाले पोल्दछ भित्र !
हाँसोस् दुनिया, बनी विचित्र ।
साकार हुँदै, के सपना खुल्ला ?

>>>

Digitized by Arya Samaj Foundation Chennai and eGangotri

छोडी नजाऊ प्रिय, यो वस्ती !
नपार वियोगी, जीवन-साथी ।
मेरो विपना नगराऊ सपना !
आऊ बस बरु, मेरो मनमा ।

जानै पर्छ यदि तिमीलाइ त
साथ मलाई पनि लैजाऊ ।
विरक्त हुँदै –त्यागी जगलाई
हुन्छ भलो, भन्ने नचिताऊ ।

मेरो निम्ति हुनेछ अँध्यारो
पर्छ मलाई जिउनै गाह्रो !
बल्दो बत्ती, प्रिय ननिभाऊ ।

बोलाइ रहेछुँ म मृदु बोलीले
नहरोस् –'सहारा' भोलिले !
मेरो विनय, नलत्याऊ ।

>>>

पत्थर दिल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जब निर्जनताले घेर्छ गलाई–
मनले पुकार्छ तिमीलाइ !

आपसको अनुराग फुलेन
'बोधो' समझले –बुझ्न सकेन ।
तिम्रै अघिल्तिर पिल्सिरहेको
व्यथित छ जीवन "चयन" नपाई ।

बन्न गएको आत्म-सहारा
कसले लुटचो त्यो जपना सारा ?
पत्थर दिल के "अय्या" गर्ला ?
निर्ममताले जब स्मृतिभित्र–
आउने छ तब नै होश पल्हाई ।

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हँसिलो शान

आयो वसन्त ऋतु, खुश भै आयो !
आनन्दी धुनमा हृदय रमायो !
लाग्दछ –कोही अपरिचित आई
ताजा नव-सन्देश सुनायो !

जीवनको सुनसान स्थानमा
खलबल पाऱ्यो, कसले मनमा ?
'सपना' आज जुन देखें मैले–
प्रफुल्लताले...चेत खुलायो ।

शरम लाग्छ –प्रियको नजीक जान
सम्झन्छु म उनको –हँसिलो शान !
देख्दछु –हरित उद्यान बौरिंदै
रङ्गी-चङ्गी फूल फुलायो ।
आयो वसन्त ऋतु....

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कोही मलाई बताइदेऊ–
"संग्राम" टर्छ जीवनमा कसरी ?
चारैतिर जब खिन्न म देख्छु
'विगत-कथा' झल्झल सम्झन्छु ।

करुण-कहानी सुनेर सारा
दिऊँ सान्त्वना, कसमा कसरी ?
हृदय पगाली नीर बहाई–
'शान्त निशामा' ताराहरू झैं–
अनेक दुःख-झमेला झेल्दै
"घायल" बन्दै, बाचूँ कसरी ?

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

घायल-जीवन

देखें तिम्रो नयनमा मैले–
घायल मनको मौन कहानी ।
रोक्न सकिन, उन्माद अश्रुको
देख्दा, भरिलो खिन्न जवानी ।

पानी –भुल्का जस्तो जीवन
आधार-विना कति भएन चयन !
कुरिरहूँ कति दिन म यसै–
'जड पत्थर' हुन चाहँदैन मन ।
संझँ तिम्रो, भुलुवा बानी ।

➢➢➢

Digitized by Nirdi-Heritage-Foundation of America. HHFA(USA)

सुखको संसार

पाइन मैले 'सुख' संसारमा
कसै गरे –"मन" छैन स्थीरमा !

उठ्तछ रात-दिन घोर तरङ्ग
अभिलाषा मेरो भयो भरङ्ग !

स्मृतिको दहमा पौडिरहेछु ।
प्राप्ति निमित्तमा –दौडिरहेछु ।

तर अपशोच, शून्य नै हात छ
जान्छु जता – विस्मातै विस्मात छ ।

हेर्नै पाइन कतै क्षण "उज्ज्वल"
देख्छु सबैतिर –दुःखकै खाडल ।

➢➢➢

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

वे-सहारा जीवन

प्रेममै हाँस्ने गर्दथें म !
प्रेम नै देख्ने गर्दथें ! –पहिले !

तर अब प्रेममा रुन्छु म
प्रेममा नै तड्पिन्छु ! –अहिले ।

भएन कोही पनि चाहनाको सहारा !
दुनियाँमा छु म –एक्लो वेसहारा !

आशाको समुद्रमा डुबुल्की मारी
खुशीसाथ हिंड्दथें म !
स्वतन्त्र थिएँ, स्वच्छन्द थिएँ म ।

सुख थियो, संसार थियो ।
तर, हावाको झोक्का आई–
जिन्दगीको चयन लुटी लियो !
'नाता' प्रियसित तोडिदियो !

➢➢➢

Digitized by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मनलाई तिमी उघार
मन-भित्रको तेज निहार !
जीवन बिलाएको छैन
गर्नु छ काम धेरै धेरै !
सपना नसम्झ जागृतिलाइ
विपना उघ्रने गर्छ सवेरै !
क्षण क्षण यही नै सम्झ त्रिकाल !
सर्वत्र हेर, होशियार हौ
चित्तलाइ संभाल !
मानव भै मानवको
'सहधर्मी' बनी, सोच विचार !
आखिर खुल्नेछ तिमीभित्र नै–
अक्षय शक्तिको 'मूलद्वार' ।

>>>

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

धरतीको बोझ !

किन जन्मिइस् तँ धरतीको 'बोझ' बनेर ?
कोलाहल जीवनको माझ रहेर ?

सागर उर्ली उर्ली भन्छ–
तूफान –नयाँ संसार खोज्दछ !

यो 'सन्देश' कसले बुझ्छ र यहाँ ?
सुन-सान डगर छ –जहाँ तहाँ ।

विशाल नभ छ, चन्द्र छन् उज्याला !
रहस्यमाथि रहस्य थपिएको–
बुझ्ने कसले, कपटी चाला ?

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

न चैन छ, न आराम छ
प्रेममा जलनै-जलन मात्र छ ।

दुइ दिनको खुशीमा –प्यार जनाई
भावनाको सुन्दर महल बनाई ।
कैय्यौं दिन रुवाउने, दिल छटपटाउने
प्रेमको जटिल छ बाटो –हाई ।

मीठो स्मरणले सताउँछ मनमा
दुःख-सुखको खेल्दछ जपना सपना !
खिन्न तुल्याउँछ एकै कुराले–
जीवन हाम्रो व्यर्थ रहेछ !
व्यर्थ हुनु नै अनर्थ रहेछ ।

>>>

gitization by Hindu Heritage-Foundation of America. HHFA(US

ज्योति-विहीनता

प्रेमको मीठो सपना–
आयो अघिल्तिर मेरो मनमा !

पलपल कल्पी नीर बहाई
रहें म, स्वयम् "वरवाद" भनाई ।

आशा उमङ्गमय निजी कामना–
टाढा हुन खोज्दछ –जगदेखि ।
उँग्न म थाल्दछु जीवनदेखि !

कस्तो दुनियाँ, कस्तो रचना ?
सब साथी मेरा लोप भए ।
खालि म थर्थर बन्दछु भयले ।
उर्लन्छन् मनमा अनेक चाहना
बाल्यकाल देखिको रहरसाथ,
लाग्यो –छल्न मलाई भ्रमले ।

ज्योतिविहीन तारा –देखें नभमा'
जिल्लिंदो पाएँ, आफूलाई भवमा ।

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

डुब्यो नाउ

डुब्यो नाउ आशाको–
बीचमा पुगी !
वेसहारा हुनगयो आफ्नो जिन्दगी !
खलबली भयो मनमा
अनेक चिन्ताले डस्यो !
भत्कन थाल्यो धैर्य–
भित्री व्यथाले ग्रस्यो !

जगत् धोका भयो, प्रेम आँसु बन्यो–
जिन्दगी डगमगायो त्राशमा पुगी ।
अँध्यारो उज्यालोको
बीचमा परेर !
कति काट्ने हो दिन
दुःख पीरै मात्र खपेर ?

मनको धोको अधूरो नै हुनगयो ।
सुन्दर देखेको सपना, बिलाएर गयो !
भेथें जुन सत्य, 'धोका' रहेछ !
सुखको खोज गर्दा, दुःख देखापरेछ !
उम्मीद थियो, रङ्गीन चाहना थियो
हरायो सबै –मान्छेको भीडमा पुगी !

➤➤➤

gitization by Hindu Heritage Foundation of America. HHFA(US

को छ र आफ्नो ?

यदि मान्छेको जिन्दगीमा–
घनघोर वादल मडारिन थाल्छ त–
एक तुच्छ जीवनले शान्ति कसरी पाउने ?

पानीको बुलबुल जस्तै–
बन्न गएको जिन्दगानी ।
पाउनुको नै के महत्त्व हुन्छ र ?
लेखिहालौं बरु, रिक्तताको कहानी ।

देखिने शून्य आकाश र
रहने धरतीमै पनि –
एकटङ्गारले हेर्नुमा –के सार छ र ?
यदि सम्झने नै यहाँ नभए, को आफ्नो हुन्छ र

>>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जवाफको आशा

प्रकृतिको सौन्दर्यमा डुबेका
ए सच्चा कविवर ।
मेरो भित्री जिज्ञासा तिमी
पूर्ण गराउन, सकौला के ?

म बारम्बार जीवनमा–
ध्यानको माला जपिरहन्छु !
मेरो जीवनको ध्येयले–
कुन रूप लिने हो ? कल्पिरहन्छु ।

शायद, तिमीलाइ यसको–
जवाफ दिन गाहारै पर्ला कि ?
मान्छेको प्रवृत्तिगत मुरादको
हुन मूल्याङ्कन, अपठ्यारै पर्ला कि ?

➢➢➢

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

उज्यालो बाटो

चञ्चल मन यो सोच्ने गर्दछ–
रङ्ग-विरङ्गी भाव जगाई ।
कहिले यस्तो लाग्छ मलाई–
'विश्व रूप नै एक गराई ।
बढ्दै जाऊँ रण –मैदानतिर
सन्देश शान्तिको हिंडौं सुनाई ।'

नौलो र अनौठो जगको चाला
किन उठ्दो हो, अनाहक ज्वाला ?
सुन्छु –भयानक जब चीत्कार
जाग्छ हृदयमा –हाहाकार ।

बग्दछ आँसु –हरघडी हरपल !
विशुद्ध कलाको जहाँ छ स्थल ।
स्वयं बिलाई, अँधेर फारी–
लाग्छ, हिडूँ भैं –दिशा उघारी ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रभात

हेर प्रभात छ हाँसिरहेको
अनमोल वसन्तको बहारमा !

रङ्ग-विरङ्गी फूल छन् झुमिरहेका
उच्च कामना लिई हाँस्दै बढेका !
पुण्यभूमि नेपालमा सब–
सुमधुर गीत छन् गाइरहेका ।

उच्च हिमालको छाँया मन्तिर
चराचुरुङ्गी गर्छन् कलरव ।
प्रकृतिदेवीको प्रसन्न अनुहार
छ उषाको अनुपम सौन्दर्य उपहार ।

हेर हिमाल छ हेरिरहेको–
दिनले काँचुली छ फेरिरहेको !
नव सृजना झल्कन्छ व्यबहारमा ।
अनमोल वसन्तको बहारमा ।

➢➢➢

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

इशारा

को गर्छ 'इशारा' लुकी लुकी ?
मन-मन्दिरकी रानी हौ कि ?

देखिन लागिन् नवीन सहारा
कुनै रूपसी उज्ज्वल तारा ।

मुहार सुन्दर झलक्क खुलाई–
चन्द्रमा झैं मन्द मुसकाई

प्रेमको माला अर्पण गर्दै–
हिंडिन् उनी मन व्यग्र गराई ।

➢➢➢

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

विगतको कहानी

नपाई कसैको 'इशारा'–
किन उसै दिल डगमगायो ?

मधुर भावना व्याप्त बनी
किन प्यार भित्र मुस्कुरायो ?

नशाले छोई अङ्गअङ्गमा
चित्र अनुपम देखिन आयो !
सुन्दर मनको चाह उघारी
ऋतु वसन्तले –लुकी चिहायो !

मादक मौसम छ भरिएको
साथै –भरिपूर्ण छ जवानी !
लाग्छ –'चमन' छ गमक्क बनेको
जीवनमा उघ्रेको छ विहानी ।

➢➢➢

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

मूर्दाको देश

मूर्दाको देश !
दुर्गन्धसिवाय, जहाँ केही पाइँदैन !
मरुभूमि–
जहाँ, हराभराको नामो-निशान छैन !

'ढुङ्गा' तात्छ बरु यहाँ,
रूख चर्चरिन्छ वेदनाले !
तर मान्छे भने, 'सिनो' भैसकेको छ ।
दाँत कटकटाएर काम्नुसिवाय
जीवनको कुनै उद्देश्य देखिंदैन ।

>>>>

Digitized by Himalayan-Heritage-Foundation of America. HHFA(USA)

पागल-प्रेममा खाएँ ठक्कर –मैले धेरै !
छैनन् कोही 'आफ्नो' भन्ने –अहिले गैरै ।
भैंचालोले झैं कम्पित छ यो मन ।
किन दियौ ठक्कर ? ए निर्दयी भन !

उज्यालो आशालाई अन्धकारतिर लग्यौ !
अनमोल दिललाइ पत्थरमा परिणत गऱ्यौ !
फैलाइदियौ तिमीले –सर्वत्र
निराशाको अँधेरो !
'आफ्नो' भन्नु कोही देख्तिन–
अहिले मेरो !

बादलले ढाके झैं लाग्छ– सूर्यको किरणलाइ पनि !
विरहले ढाकेको छ –जीवन-मरणलाई पनि ।
जागेको प्यास तृप्त भएन–
कसै गरे पनि !
तिमीलाइ आफ्नो बनाउन सकिन
मैले केही गरे पनि ।
पागल-प्रेममा खाएँ ठक्कर
छैनन् कोही 'आफ्नो' आखिर ।

>>>

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

जीवन-खरानी

यो बल्दो जवानी
एक दिन हुनेछ –अवश्य खरानी ।

सूर्य उदाउँछन्, जग हुन्छ उज्यालो !
अस्ताचलमा हुन्छ –अँध्यारो ।

यही रीत चल्छ –जगमा 'अहोरात्र' !
रुनेहरु एकातिर रोइरहन्छन् मात्र ।
कतै भने, रहरले छाइरहन्छ सर्वत्र ।

बिर्सी लक्ष्य, मन फुस्किनाले !
जीवन, हरेक रङ्मा रङ्गिनाले

चक्र-सरि, सब घुमिरहन्छन्–
लाखौं पल्ट, यहीं नै जन्मिरहन्छन् ।

>>>

Digitized by Arya Samaj Foundation Chennai and eGangotri

Digitized by Arya Samaj Foundation Chennai and eGangotri-Foundation of America. HHFA(USA)

तिम्रै अनुरागको निम्ति–
म रात-दिन जल्ने गर्दछु !

अरु मान्छेहरू, जेसुकै भन्ने गरुन् ।
आश्रय तिम्रो म सँधै चाहन्छु ।
जीवन तिमीलाई नै –म सुम्पन्छु ।
तिमी जे गर्छौ –संभाल या फ्याँक
तिम्रै नै म भई, जीवन कटाउँछु !

"मरिमेट्तछु" भन्न त भन्छौ तिमी
'बहाना' अनेकौं गर्छौं यत्र तत्र घुमी !
तर मतलवी हुन्छ –मानिसको जात
वाहिर विनम्र भै, निम्त्याउने विस्मात !
जे होस्, म नित्यशः जलि नै रहन्छु

भित्र 'दीप झैं' बलि नै रहन्छु ।
हुँ म वास्तवमा तिम्रै पुजारी !
हेर्दछु म, तिमीलाइ नै निहारी !
जब सुन्दछु बोलीको मीठो धुन–
लाग्दछ –दुनियाँ जेसुकै भनुन् ।

>>>

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

कठ-पुतली

म 'हल्का मान्छे' बन्न चाहन्न !
मलाई बरु "कठपुतली" बनाऊ ।
म जीवनमा ढल्न चाहन्न–
मलाई बरु 'निर्जीव' बनाऊ ।
म क्षणिक वास्तविकता सित
व्यर्थै किन जुध्ने गरौं –?
जब कि –मेरो "चाह" नै विराट् छ !

म अबुझहरूको निम्ति–
किन मरिमेटौ ?
जब कि –म मा पूर्णता व्यापक छ ।
म अकुलीन-घरमा जन्मेको
प्राणी हैन,
सुखमय निवासको बहार हुँ !
मेरो आकृति कसैबाट लुकेको छैन
म प्रेम-सागर पुग्ने 'निर्झर' हुँ ।
मेरो आफ्नो यही नै छ, –दृष्टिकोण !
म अनेकतालाई उभार्न चाहन्न !
म ठान्दछु –'जीवन हो सुखको वरदान'
यसैले म भन्छु –क्षुद्र हुन वाध्य नगराऊ ।

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिम्रो याद

याद' तिम्रो जब आउँछ !
मेरो तन मन सर्सराउँछ !
मेरो जीवनको हरियो बगैंचामा
तिमी फूल बनी फुल्छ्यौ जहाँ !
रम्दछु म दिन-रात त्यहाँ !
याद तिम्रो जब आउँछ –
सपना-विपना लहराउँछ ।
मेरो "चाहना" भन्छ यही नै–
पुग्नौं दुवै –एकै ठाउँमा ।
गीत गाई दिल खोल्नेछु म–
अर्पने छु 'उपहार' तिम्रै नाउँमा ।
याद तिम्रो जब आउँछ
जीवनले –कता कता भर पाउँछ ।
दुई प्रेमी छाँयामुनि बसी
एकले अर्काको ढुकढुकी सुनी !
सम्बन्ध सुदृढ पार्ने अठोटमा–
रहने छौं, अनेकौं कुरा गुनी ।
'याद' तिम्रो जब आउँछ–
अनायास मेरो 'दिन' मुस्काउँछ ।

>>>>

Digitized by Siddhanta eGangotri Gyaan-Heritage-Foundation of America. HHFA(US)

प्रेम-साकार

म एक्लै गाइरहेथें वनमा–
पोख्दै आफ्नो मनको वह !
जगायो कोही आई मलाई–
भरिन गयो तब, मेरो "गह" ।

उर्लिन थाल्यो चाहना –यसमा
अनन्त प्रेमको –आशमा ।
थियो अँधेरो सबतिर पहिले–
बदलियो क्षण, उल्लासमा ।

जाग्यो –सुन्दर भावना तब
अभ्यन्तरमा –बज्यो बाँसुरी !
आनन्द स्वर्गीय आउन थाल्यो–
'साकार' भयो –'संगीत माधुरी' ।

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चंचल नयन

लाग्छ –'प्रेम' प्रेमकै नियति हो !
देख्दछु – प्रेम प्रेमकै 'स्थिति' हो ।

गुलाबी देखिने चेहराको रङ्ग !
हरिणको जस्तो चञ्चल-नयन !
चपलता नै प्रियको सिंगार झैं लाग्छ ।
तुल्बुलाउँछ जसबाट हेर्नेको मन ।

अनुहार हिस्सी परेको आकर्षक,
वादल हटी –चन्द्रमा खुले झैं ।
चालढाल देखिन्छ मनमोहक
सजीवता जीवनमा मिले झैं ।

कहिले लुक्ने, र कहिले देखा पर्ने ।
चञ्चल-चपल नयनमय 'आकृति'
पार्दछ छाप –'कहिले नबिर्सने' ।
बाल्दछ मनमा, उज्ज्वल बत्ती ।

>>>

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

साँच्चि नै भनौं त

यदि साँच्चि नै भनौं त–
हूँ म तिम्रो नै 'पुजारी' !

हूँ एक सुन्दर कहानी
कहिले नवैलिने हूँ जवानी !

मन-मन्दिरमा तिमी सिंगारी
बनीरहन म खोज्छु 'भिखारी'

यदि साँच्चि नै भनुँ त–
हूँ म, तिम्रै नै –'आकारी' ।

उत्साह उमङ्गको बाटो खुलाई
पर्खने गर्दछु म, तिमीलाई ।
अविस्मरणीयताको लागि–
म सँधै नै रहन्छु –हड'बडाई ।

यदि साँच्चि नै भनुँ त–
हूँ म तिम्रै नै –'व्यवहारी' !

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आधार

देवता, तिमी मात्रै देखिन्छौ–
मान्छेको भित्री आधार ।
तिम्रो कृपाविना–
देखिन्छ, यो संसारै वेकार !

लाग्छ अनौठो जीवनको –'रटना'
सुख-दुःख –धागो घुसेको सबमा ।
केवल आशैआशमा–
झुण्डिएको छ –सबको जपना !
तुच्छ चाहना छ घुसेको –मनमा !

हटिजान्छ जब एकदिन दृश्य –तसवीर !
देखिन जान्छ –अँध्यारो, गम्भीर !
हिंड्न छ "मार्ग" साह्रै नै गाह्रो !
देख्दछ प्रेम, दुनियाँ यो प्यारो !
मन ठान्छ –वस्ती छ कतै उसपार
अभिलाषामा –अल्झिरहेको सार ।

>>>

gitization by Hindu Heritage Foundation of America. HHFA(US

अराजक संसार

यो –अराजकताको संसार !
कपटै-कपटको देखिन्छ व्यापार ।
मानिसको 'सत्त्वमा' आँकिने रुपियाँ !
जीवनका गतिविधि, हेर्दछ –दुनियाँ ।
पतनोन्मुख देखिन्छ –व्यवहार !
शक्तिको आडमा छन् स्वार्थी –लुकिरहेका ।
आपसमा जुधाई, मान्छे छन् –बाँचिरहेका ।
राक्षसहरू देवताको मुकुन्डो लगाई
गर्छन् खलबल, पार्छन् त्राहि ।
देखिन्छ –नाशतिर लम्केको –'आधार' !
एकले अर्कोको सिद्धान्तलाई
हिंड्ने गर्दछन् –लत्याई ।
भनिन्छ जसलाइ –'सिद्धान्तको बाटो' !
त्यसले नै ल्याएको देखिन्छ –फाटो !
अर्काको मेख मारी हाँस्ने–
हुनगएको छ –आजको 'सुधार' ।
भनिन्छ –मानव 'समुन्नत' भए रे !
सभ्यताको पथमा, अगाडि बढे रे !
तर 'सौजन्यता' गुमाएको देखिन्छ यहाँ ।
मान्छेले 'मन' कुदाएको छ –कहाँ कहाँ !
लाग्दछ –रिस-राग पूर्ण छ –सदाचार !

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

साँझको वेला

वातावरण चुपचाप छ
कतै छैन खैलावैला ।
यस्तोमा आराम लिने कसरी ?
विश्राम लिने कसरी ?
पीर छ जब –मनमा थरीथरी ।

तन सुक्यो, जीवन छ हैरान !
न देखिन्छ कुनै –त्यस्तो अडान ।
अन्धकार चारैतिर फैलन थाल्दछ !
भावनाले –न कुनै रङ्ग नै पाउँछ !
न संगीतले कुनै स्वर ब्यूँझाउँछ ।
विचित्र देखियो –चालामाला ।
साँझको वेला !
छू म अकेला !!

>>>

gitization by Himdu Heritage-Foundation of America. HHFA(US

के रहेछ ?

वास्तविकता–
के रहेछ, संसारको म सोच्दैछु !
उद्देश्यहीन बाटोमा
हिंड्नेसित सोध्ने कि ?
बदलिंदो परिस्थितिबाट
ज्ञान लिने कि ?
'जागरुक जमात'–
के अनुभव गर्छ, हेर्ने कि ?
"बहुमूल्य –जीव"
वरिपरि सडिरहेकालाई ठान्ने कि ?
देखिन्छन् कति ...
जलचर झैं नदमा बगेका ।
जटिल समस्याको बोझ आइपर्दा,
दीनहीनता
देखिन्छन् –कति चिच्याइरहेका ।
वास्तविकता के रहेछ रहस्यको ?
जान्न खोज्दैछु, म बुझ्न खोज्दैछु ।

➢➢➢

Digitization by HinduHeritage-Foundation of America. HHFA(USA)

६८को गजिरा

जगमा, नभमा, चन्द्र-किरणमा
डढ्ने मानिस कस्तो होला ?
"मानवता" उसको कस्तो होला ?
चारैतर्फको मौन अँध्यारो–
उसको मनमा –कसरी छिरेको ?
जीवन तुच्छ किन भो उसको ?
गति मलीन किन भो उसको ?
जब देखिन्छ त –विचार गिरेको !
अनि कसरी शान्ति मिल्ला उसलाई ?
शीतल सुगन्धी हावा–
जब फैलेको हुन्छ त –'ताजा'
मनको विकृति –पन्छाएर
पार्न सक्तैन र प्रेमले साझा ?
यस्तो हुँदा पनि–
गोलमाल र गुनासो देखिन्छ ।
राग द्वेष र रुवाँसो पाइन्छ ।
अनि कसरी प्राप्त हुने आनन्द ?
कसरी हुने –मानिस स्वच्छन्द ?
नबुझी जीवन-स्थितिलाइ–
पिल्सिने मानिस कस्तो होला ?

>>>

Digitized by Arya Samaj Foundation Chennai and eGangotri

जलाइरहेछन्, डढाइरहेछन्

एकान्त रात –स्मशान बीच
नाता गोता पुगी –नगीच !
डढाइरहेछन् जलाइरहेछन्–
एक 'लाश'लाई ।

नमर्दा पनि त उसलाई–
जलाउन, डढाउन खोजेका थिए !
जीवन उसको खोक्रो पार्न–
'दाउपेच' अनेक लगाएका थिएनन् र ?

आज ऊ मरिसक्दा पनि–
अझै –'तूष' बाँकी छ झैं गरी–
अझै केही गर्न बाँकी छ झैं गरी–
जलाइरहेछन्, डढाइरहेछन्–
निर्जीव बनेको लाशलाई !
खरानी बनाइरहेछन् विश्वासलाई ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अमृत वर्षा

प्रेमीको निम्ति–
'प्रेम' अनमोल छ ।
जसबाट –सरस बन्दछ जीवन ।
पल्हाउँछन् पालुवा मनमा नूतन ।

अनुरागविना
यो जग नै हुन जान्छ –विरानो ।
जीवनमा उत्साह जगाउने–
सृजनालाइ सजाउने –
हुन्छ चाह नै –'रानो' !

संगीत ब्यूँझन्छ यसबाट नै–
यसले 'आत्मा' प्रसन्न पार्छ ।
कण-कणमा दिव्य उज्यालो छर्दै
प्रेमले अमृतद्वार उघार्छ !

अन्तरमा घुसेको हुन्छ 'कहानी' ।
'सहृदयतामा' –जाग्छ जवानी ।

>>>

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

काव्य

कति प्रिय लाग्दछ अर्थ –"काव्यको"
अमृतको छहरा झार्दछ यसले –संभाव्यको ।
निरस जीवलाई 'सरस' यसले पार्दछ
इन्द्रेणीमय आनन्द स्वर्गको, यसले झार्दछ ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिसना

सुन्दर सपना' प्रेमको जपना–
कुन निष्ठुरले हरण गऱ्यो ?
दुनियाँ थियो रमणीय प्यारो–
कसले अँध्यारो सर्वत्र छऱ्यो ?

पल-पल पिल्पिलाउँदै–
बादलमा बिलाउँदै ।
जीवन कष्टमय पारी–
मन-मन्दिरको एक कुनामा
बस्छिन् –कुनै सुकुमारी !
उनलाई कसले "वरण" गऱ्यो ?

➢➢➢

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

फूल फुलेको बागमा

फूल फुलेको बागमा
रङ्गी-विरङ्गी अनुरागमा !
'भुँ भुँ' भमरालाइ गराउँदै–
सुन्दरताकी प्रतीक बन्दै–
जीवन पार्दै मदभरी
झल्किन्छिन् –कुनै एक सुन्दरी ।

प्रभात बराबर आइरहन्छ !
दृश्य रमाइलो ल्याइरहन्छ ।
अनमोल प्रीतिले –छाइरहन्छ ।
आँगनमा वसन्त –रमाइरहन्छ ।

कर्के नजरले इशारा गर्दै–
बोलाउँछिन् कसैलाइ एक 'परी' !
दिन बित्छ सँधै –निशामा पुगेर ।
देखिन थाल्छ –चन्द्रमाको मुहार !
स्पष्टिइन्छिन् –उज्यालोमा ती
एक कुनै सुन्दरी, –घरि घरि !

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अधीर मन

अधीर र अस्थीर जगत्‌ले
अति 'व्यग्र' मलाई तुल्यायो ।

न देख्छु –कोही मिल्दो साथी
छटपटाइ रहन्छ मन मेरो !
आँखा अगिल्तिर "वरवादी"
झल्कन्छ –लगाई घेरो ।

आशा-मार्ग छ अति नै गाह्रो !
सुन्दर सपना लाग्दछ प्यारो !

आधारविना जिउने हो कसरी ?
"पीर" यही नै लाग्छ –हरघडी !

परिवर्तनशील बनेको –स्थितिले !
'संशय' मनमा धेरै ल्यायो ?

अधीर र अस्थीर जगत्‌ले–
अति नै व्यग्र मलाई तुल्यायो ।

>>>

gitization by Hindu Heritage Foundation of America. HHFA(US

सुन्दरी : धरतीकी

ओ धरतीकी सुन्दरी,
तिमीलाइ देखें –घरी घरी !
कहिले –उज्यालोमा
मुस्काएकी देखें !
कहिले –अँधेरोमा झल्केकी पाएँ ।
देखें मैले –वरिपरि !

कहिले –ग्रामीणवाला बनेकी
कहिले –शहरिया रूप लिएकी,
पाएँ, मैले –कतै निर्झरी ।
ओ, धरतीकी सुन्दरी ।
तिम्रो 'जपनामा' हिंड्ने पथिक म–
सम्झनामा अल्झिरहेछु !
अनेक ढङ्गमा –देखेर तिमी
यता उता –म बल्झिरहेछु ।

बिर्सन नसकी मधुर-कथा
उग्राइरहेछु –पढी सर्सरी !
ओ, धरतीकी सुन्दरी ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खेल्ने बानी

हाँसी हँसाई खेल्ने 'बानी' मेरो
सबलाई रिझाउने बानी मेरो
अहो, कति चाँडो –के ले गर्दा हट्न गएछ ?
माया लाग्दो वचन पनि, टुट्न गएछ !

अहिले लामो जिन्दगीको अवधिमा–
बल्ल पो चाल पाएँ ।
आफू खाल्डोमा गडिरहे झैं–
वल्ल पो –होशमा आएँ ।

तर किन म मा 'जागृति' यसबारे
त्यस वेला नआएको होला ?
किन मैले आफूलाइ –'आफैं'
त्यस वेला, नजगाएको होला ?

शायद, मैले कसैलाइ–
केही गर्न नसकेको पनि हुन सक्छ ।
कतिको नरम हृदयमा
'आघात' पुऱ्याएको पनि हुन सक्छ ।

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

ओहो, कति वेहोशीमा –रुमल्लिँदै
मरिरहेको, सडिरहेको रहेछु म ।
केवल आफ्नै धुनमा लागी

गडिरहेको रहेछु म ।
लाग्दछ –त्यस वेला मैले
आफैंमा आफूलाइ –'हराएँ' ।

अब म –शान्तिको, हर्षको खोजमा
अवश्य हिंड्ने नै छु ।
कहाँ पुगी के गल्ती भएछ ?
अवश्य पत्ता लगाउने छु ।
त्यस्तै परेमा –आफैंलाई
आफैं सजायँ पनि दिनेछु ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

निर्मल धरती

स्वच्छ र शान्त मनोहर धर्ती
किन रोइरहेको देख्दछु म ?
पीडा असहच्य हुँदा पनि किन हो–
पिल्सिरहेको देख्दछु म ।
बिस्फोटित 'ज्वालामुखी' बनेर
दुष्टहरू संहार गरेर !
ब्यूँझाई सज्जनहरूलाई–
आफ्नो छवि देखाउनु पर्नेमा–
"मौन" बनेको देख्दछु म !
यी पनि, खाल्डोमा गडिरहेका छन् कि त ?
"अमर औषधि" भन्दै, जडता अङ्गालिरहेका छन् कि त ?
तर याद गरे –"धरती" !
जडतालाई पन्छाउन–
चम्कने छ अवश्य नै नभमा बिजुली !
उसले सबलाई जगाउनेछ–
सर्वत्र ल्याउने छ, उसैले खलबली ।
तब त्यस वेला स्मरणका–
ताराहरू आकाशमा झल्मलाउने छन् !
वादल फारी, रूप निखारी–
तिमीलाई निर्मल देखाउने छन् ।
प्रसन्न अवश्य गराउने छन् !
खिन्न हुने काम छैन सँधै –धरती ।

>>>

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

बोली !

बाल्य-कालको बोली
अति राम्रो भन्थे –सबजना !
जगको अनौठो रीतमै–
अघिसार्ने गर्थे –सबजना ।
तर, त्यो राम्रो वचनले
के नै पो पछि गऱ्यो र ?
अचम्म लाग्छ समाजको
वास्तविकतालाई देखेर !
सृजनाको सुन्दर महत्त्वलाई
लत्याउँदो रहेछ ऊ –कपट गरेर ।
के यही नै हो त–
मानवले बाल्यकालमा
पाएको 'उपहार' ?
धिक्कार छ तँलाई –समाज !
बारम्बार छ –अझै धिक्कार ।
विशाल गगन झैं पुष्टवक्षमा–
अमृतको साटो 'कल्मष' भरेर
अरूलाई समेत पियाउने–
तेरो गजवको छ –"व्यवहार" ।
विशुद्ध आकांक्षा धमिल्याई
लुट्न तँ खोज्छस् –सबैलाई रूवाई
कटुताले मधुतालाई पचाउने
महिमा तेरो –अपरम्पार ।

>>>

Digitization by Hindu Heritage-Foundation of America. HHFA(USA)

माता शारदे !

हे माता विद्याकी देवी, 'शारदे'
आयौं सबै –तिम्रो शरणमा ।
बालक हामी असहाय बनी–
आयौं –तिम्रो चरणमा ।
तिमी त छौ माता, अन्तरयामी
हामी सारा अबोध छौं ।
तिमी छौ सबकी 'चेतनज्योति' ।
हामी सबै अचेत छौं ।
उज्ज्वल दीप भई तिमीले–
सबको 'आँखा' उघारिदेऊ !
जीवनको हाम्रो जडतालाई–
सद्-ज्ञान दिएर निखारिदेऊ !
पर्दछौं हामी –तिम्रै भरमा !
आरूढ बन तिमी हाँसको-रथमा
अमृतमय तिम्रो –ज्ञान र सीप !
उपलब्ध गर्न आयौं, बनी समीप ।
सीप देऊ हामीलाई, "बोक्रे" उपहार हैन !
'विवेक' जगाऊ हाम्रो, "नक्कली" सिंगार हैन ।
बनौं समुन्नत हामी –नपरौं दलदलमा !
आयौं आशीर्वाद लिन, तिम्रो वासस्थलमा ।

➢➢➢

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

दृश्य - अदृश्य

म हेरिरहेथें सुन्दर दृश्य –एकचित्त भै
बिर्सी आफूलाई ।
कता कताबाट हुन गो –ध्यान भङ्ग !
अट्टहासले कसैको, पारिदियो –भरङ्ग !

म विचलित भएँ, देखें सर्वत्र अन्धकार !
मेरो अन्तरात्माबाट निक्ल्यो –चित्कार !
विश्व-ब्रम्हाण्ड नै अचानक थर्क्यो !
जीवनमा, कसैले गरे झैं लाग्यो प्रहार !

हरेकले आ-आफ्नो पनमा पुकारे !
म विश्व बाहिर रहे झैं हुन गएँ –'विचरे' !
भित्र देखियो –अर्कै संसार !
म हेरिरहेथें दृश्य–
जुन, हुनगयो क्षणभरमै –अदृश्य ।

➤➤➤

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रेमको मूल्य

मेरो प्रेमको मूल्य–
कसैले तोक्न सकेन !
म आफैंले पनि आँक्न सकिन ।

घटना सम्झी-सम्झी रुन्छु म !
आशा अँगाली –घुम्छु म ।
जति जति टाढा बन्छु–
उति उति नजीक हुन्छु ।
भित्री भावको रङ्गीन दुनियाँ !
किन हो, बाहिर खुल्न सकेन ?
(मेरो प्रेमको मूल्य .....)

प्रकृति त –"सौन्दर्यले"
सजिएकी नै यहाँ छन् !
ताराहरू टिम टिम गर्दै–
कथा-व्यथा पोखिरहेकै छन् !
तर स्पष्टिन सकेन कहिले 'चाहना' मेरो !
रित्तिन सकेन कहिले –गूढ व्यथा मेरो !
आशै-आशको लम्बे गाथा–
कहिल्यै यथार्थ भै –टुङ्गिन सकेन ।
(मेरो प्रेमको मूल्य .....)

➤➤➤

gitized by Hindu-Heritage-Foundation of America. HHFA(US

पीडा

त्यो दिनको मलाई–
अझसम्म 'स्मरण' छ !
जुन दिन मेरो "गीत र प्रीत" हरण हुनगएको थियो ।
जबरजस्ती मेरो आत्माले–
मलाई –पछ्यारेको, दुत्कारेको थियो ।
म सोच्छु बराबर–
मानिसको जीवन, के बाट निर्मित छ क्यारे ?
जब कि मानिसले मानिसलाई नै–
अझसम्म चिन्न सकेको पाइँदैन ।
'झूठो र साँचो' जसले बन्न सकेको छैन ।
मलाई असहच्य पीडा हुन्छ–
जब यस प्रश्नले मलाई झकझक्याइरहन्छ ।
जब कि –जीवन सबको 'अनमोल' भनिन्छ !
तर पनि, यसको बीचमा 'धोका' कसरी उब्जिन्छ ?
यो विचित्र संसारको अनौठो चाला देखी,
अमृतको आश देखाएर–
'विष' पिलाएको सम्झी !
मेरो "होश" –झस्कन्छ ।
हुन त –मेरो छटपटी र आँसूले गुंफित
हृदयको गहिरो चोटले –के नै पो गर्ला ?
कसैलाई पनि –यसले 'स्पर्श' समेत नगर्ला ।
तर, के ले के ले मलाई –घचघच्याइरहन्छ ।
भित्री पीडा भई प्रश्नले –वेचैन गराइरहन्छ ।

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हिमाल हाँसिरहेछ

हेर त साथी, उता –हिमाल हाँसिरहेछ ।
हिउँ पग्ली पग्ली –बहँदै, पानी नाचिरहेछ ।
जङ्गल, पर्वत, खोलानालाको संगीत !
आत्मसात् गरी, गाउँ र लाऊँ अनन्त प्रीत !
पूर्व मेची, पश्चिम काली
डुल्ने –हाम्रो आयो पाली ।
सिंगार्नुपर्दछ निश्चय जीवन–
एउटाले अर्कोलाई अँगाली ।
प्रकृति 'मनोहर' बन्दै आइन्
चराचुरुङ्गी-लाई जगाइन् ।
'दृश्य' प्रभातको रमाइलो छ !
घर-आँगन हेर घमाइलो छ !
जाऊँ साथी, त्यस स्थलमा–
जहाँ छ –जादूले छोएको !
जहाँ छ –स्वर्ग झरेको ।
हेर त साथी, हिमालले उता–
उत्सुक पारी डाकिरहेछ ।
दिव्य छटामा
प्रसन्नताले सबतिर ढाकिरहेछ
(हेर त ..... हेर ..... हेर)

➢➢➢

Digitized by Himalayan Heritage Foundation of America. HHFA(US)

सदभावको फूल ?

मेरो देशको समस्या,–
मेरो देशले गरेको तपस्या !
मनमा उब्जेको 'अभिलाषा'–
कता कता बिलाउँदै गए झैं लाग्छ ।

जब कि –यहाँकी धरती माताले
जन्माएका कतिपय प्राणीहरू,
आमाको दूधलाई बिर्सी–
काटाकाट गरिरहेको देख्दछु म ।

तब मलाई लाग्छ–
'अस्तित्त्व' देशको रहला के ?
मेरो धारणा र धैर्य, कता कता भाग्छ ।
अनि मलाई लाग्छ–
तपस्या पूर्ण हुन अझै बाँकी नै होला !
नत्र राष्ट्रिय भावले ओतप्रोत वीरहरू–
'आकाश थर्काउने' शक्तिहरू–
निर्ममताको शिकार किन हुन्थे ?

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जब म –लाखौं लाख
आत्माधारी जीवनहरू
सडे गलेको, मरेको देख्छु–
तब मलाई लाग्छ –यहाँ न्याय हुन बाँकी नै छ !

(शायद, यो गम्भीर विचार मेरो पागलपन पनि हुन सक्छ !
तर यसले सबलाई छुन पनि सक्छ)
तैपनि जिज्ञासा मेरो भन्छ –
"सद्भावको फूल, यस्तो स्थितिमा फुल्ला के ?"

➢➢➢

gitization by Hindu-Heritage-Foundation of America. HHFA(US

म को थिएँ ?

म को थिएँ, कहाँ आएँ
के छु अहिले ?
भएर –मानव,
'नाता' जोडियो कहिले ?
सब वरिपरि छन्–
भन्छन् –सबैले
चिन्न सकेको छैन ।
यो अनौठो संसारमा
पाइला हालेको ठान्छन् !
"हराभरा यो जग" भन्छन् ।
तर घरि घरि अन्धकार सिवाय
म अरू केही देख्तिन ।
कहिले म एक्लै हाँस्छु –उदेक भएर !
कहिले आफ्नो धूनमा रून्छु –एक्लो ठानेर ।
रोदन र हाँसो दुई चालबीचमा !
मैले आफूलाई मिलाउन सकिन !
मानवले मानवलाई –तर्साइरहेको देख्छु ।
फूल फुल्नै नपाई –वैलाइरहेको पाउँछु ।
पीडामा यो जग पिल्सिरहेको देखी
"संसारको रीति यही नै हो" भन्दै–
अगाध समुद्रमा
स्वयं डुबेको अनुभव म गर्छु ।
मैले मलाई –"जान्नै" सकिन ।

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

स्वाँग

बहादुरी र वीरताले 'सुशोभित' भएका !
हामी नेपाली, छौं प्रशंसामा रमेका !
छौं केवल –बक बक मात्र गरिरहेका !
लम्बे अवधिदेखि –म यो कुरा देखिरहेछु !
तर किन हो किन ? मलाई विश्वास लाग्दैन !
यो 'प्रशंसा' के को लागि गरिएको हो ?
शायद यसभित्र एक रहस्य लुकेको छ !
धूर्तहरूले मूर्खहरूलाई–
'फुर्क्याउने' कुरा मात्र छ –यसमा ।
देशको अस्तित्त्व निमिटचान्न पार्ने
जाल मात्र छ –जसमा ।
लामो अवधिदेखि मैले–
यो कुरा अनुभूत गरिरहेको छु ।
लाग्छ– हामीमा त्यस्तो विशेषतै के छ ?
जसमा –आफ्नो गौरव टिकेको होस् !
न हामीमा स्वार्थ –त्यागको भावै छ
न आपसी अनुरागै छ ।
त्यसको साटो–
हामीमा –रिस-राग द्वेषको
"भण्डारै" मात्र छ ।
"आफैं ठूलो हुँ" भन्ने–
'अहङ्कारै' मात्र छ ।
लामो अवधिदेखि–
म यसबारे सोचिरहेको छु ।

➤➤➤

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रश्न ??

साथी तिमीसंग एउटा कुरा सोध्नु छ –मलाई !
तिम्रो अन्तर-आत्माको भाव बुझ्नु छ –मलाई !
के तिमी निसंकोच जवाफ दिन सक्छौ ?
मेरो रित्तो मनभित्रको
तिमी उत्सुकता पूर्ण गर्न सक्छौ ?
साथी, तिमीसित एउटा कुरा सोध्नु छ मलाई ।
जीवनको लामो समयदेखि–
पिल्सिएका र पिछडिएकाहरूको
'आवाज' त तिमीले सुनेकै होलाऊ ।
जानी-जानीकन पनि वर्तिएको–
असीम अत्याचार, अभद्र व्यवहार
तिमीले देखेकै होलाऊ ।
यसैले–
तिमीसित धेरै कुरा सोध्नु छ मलाई !
हुन त मेरो यो सोधाईले–
तिमीमा के असर पार्ला र ?
जब कि तिमीले अनगिन्ति पुकारलाई
लत्याएका छौ ।
तर हेर, एकपल्ट दिल खोलेर हेर !
चारैतिर –चाहार, आँखा खोलेर ।
जब कि आफ्नो स्वाभिमानलाई नै
तिमीले रछानमा मिल्काएका छौ !
नरिसाऊ साथी, दिल खोलेर मलाई प्रश्न गर्नु छ ।
कठोर यातना, दुःखको भार
काँधमाथि आइ परेर पनि–

Digitized by Hindu Heritage Foundation of America. HHFA(USA)

अगाध समुद्रमा मिल्न जान्छन् ?
किन मान्छेहरू यसलाई पूर्वजन्मको भोग ठान्छन् ?
यसैले साथी,
मलाई आज मनुष्यको 'धारणा' बदल्नु छ
चारै दिशा बद्लिइसक्यो !
दुनियाँको रूपरङ्ग बदलिइसक्यो ।
"दङ्गदास" परी मन छिनभर त रमायो ।
तर रिक्त हृदयको पुकार भने–
कसैले जान्न सकेन ।
जडवत् मान्छेलाई किन
यस परिवर्तनले पनि –ब्युँझाउन सकेन ?
यसैले साथी मलाई यही रहस्य खोल्नु छ !
नियालेर हेर त–
मनुष्यत्त्वको नाममा कुन तत्त्वले–
अझै खेल खेलिरहेको छ यहाँ ?
शोक रोगको वेगले –कतिलाई
पिसिरहेछ यहाँ ?
"आज हामी ज्यादै गिरिसक्यौ" भन्ने
चेतनासम्म पनि किन जाग्न सकेन ?
यसैले साथी सुन,
किन यस्ता कुराहरूले पिरोलिरहेछ मलाई ?
जवाफ देऊ साथी–
निस्पृह बन्न खोज्दा खोज्दै पनि–
किन वेदनाले तड्पाइरहेछ मलाई ?

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चिसो चूलो

मेरो घरको चूलो
सँधैजसो 'चीसो' नै रहने गर्छ ।
म मानिस हुँ–
म मा चेतना त छ !
तर म यहाँ देख्तछु–
मान्छे सँधै रोइ-नै रहेको छ ।
"म गरीब र नाङ्गो छु" भनी
मान्छेहरू किन भन्छन् ?
यो पूर्वजन्मको पाप हो या
यस जन्मको क्लेश हो ?
–कोही किन खुट्टयाउँदैनन् ?
तर मेरो मन भन्छ–
'यो अर्थको अनर्थ हो'
यसमा गूढ रहस्य छ ।
म देखिनै रहेको छु –सांसारिक गतिविधि !
म सुन्ने गर्दछु –मान्छेको हुन गएको दुर्गति !
एक बिरुवा यता हुर्केको छ, अर्को उता वैलाएको छ !
एकको –रोदन क्रन्दनमा, अर्को –हाँसिरहेको छ ।
यिनै सब कारणले गर्दा–
मेरो घरको चूलो सँधै निराश हुने गर्छ ।
–चिसै रहने गर्छ ।
खिन्न बन्ने गर्छ ।

➤➤➤

Digitized by Himal Heritage Foundation of America. HHFA(USA)

सात सालको संझना

त्यो दिनको मलाई
अझसम्म याद छ–
जब यो प्यारो मातृभूमिले–
सैकडौं वर्षको 'अन्धकार'बाट–
"छुटकारा" –पाएको थियो ।

हुन त सातसालको 'स्वतन्त्रता-दिवसको' दिन
म आफ्नो जीवनको–
वास्तविकतामा पुग्न सकेको थिइँन ।

तैपनि, नेपालमा "प्रजातन्त्र आयो" भनियो ।
ढोका चारैदिशातिर खुलेको –गीत गाइयो ।
अनि भनियो –"मनुष्यताको नाममा
कीटाणुले खेल्न पाउँदैन अब ।"

म मनमनै रमाएँ –त्यतिखेर
त्यसबेलाको स्थिति देखेर !
देख्यें –सबको अनुहारमा
'प्रफुल्लता' झल्केको ।

तर, दुःख लाग्छ भन्न अहिले–
कत्रो त्याग तपस्याद्वारा प्राप्त गरेको
"प्रजातन्त्र" किन कसको कारणले–
अहिले रोइरहेको छ त ?

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

वास्तविकता खुट्याउँछ–
अहिलेको 'जल्दोबल्दो' उमेरमा पनि
किन यो झोक्राइरहेको छ त ?

मान्छे-मान्छेबीचको
उच्श्रृङ्खलता, मूढता देख्दा–
मेरो मन कता कता डराउँछ ।
सात सालको समयबाट
यति चाँडो प्रौढता आइसक्दा पनि–
विश्वास उसै किन डगमगाउँछ ?

तर रोपेको फूल–
यतिका वर्ष बित्दा पनि, नफुलेको देख्दा
मेरो मनले –यो भन्न कर लगाएको छ–
र मलाई यथार्थ बोल्न घचघच्याएको छ !

यही कि –'त्यस बखत केवल 'आँधी'मात्र
आएको थियो कि ?
सच्चा परिवर्तन आएकै थिएन कि ?
क्रान्तिले जरा फैलाउन पाएकै थिएन कि ?'

➢➢➢

Digitization by Himalayan Heritage-Foundation of America. HHFA(USA)

यदि मनको कथा-व्यथाले
मान्छेलाई नडग्मगाउँदो हो त–
सृष्टि नै खल्लो हुने थियो होला !
आधारविनाको –चैतन्य
केवल 'एक्लो' हुने थियो होला ।

विपनाको साटो
केवल 'सपना' मात्रै देखिंदो हो !
न आकाशमा वादलै रेखिंदो हो !
न धरतीमा शीतलतै लहराउँदो हो ।

न फूलमा 'सौन्दर्य' र
दिलमा 'इच्छै' उब्जँदो हो ।
यो दुनिया नै अचम्म लाग्दो हुँदो हो !
न कोही रुँदो हो, न रमाउँदो हो ।

न हरियालीले वन ढाक्दो हो !
न खुशीयालीमा चरा नाच्दो हो !
न कतै –संगीत नै गुञ्जदो हो !
न कतै –कोही छटपटिंदो हो !
'जड' पत्थरमय –जीवन हुँदो हो ।

➢➢➢

Digitized by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रहर

हाम्रो यस दुनियाँमा–
कसले पो कसको–
'रहर' फुलेको देख्न सक्छ र ?
न आफू नै कसैको
रहर टुसाएको देख्न सकिन्छ ।
न आफ्नो रहर –जागेको
अरूले नै हेर्न सक्छ ।
आफूले "अमृत" ठानेर–
जुन कुरा –ग्रहण गरिन्छ !
त्यही कुराको पछि लागेर
तन-मन ध्यान –अर्पिइन्छ ।

तर अपशोच, यहाँको वस्तीमा–
न कसैको कुरा कसैले खान्छ !
न कसैको कुरा कसैले मान्छ !
स्वाथार्न्ध यत्ति
भैसक्यौं कि सबै–
छैन कसैको परवाह कसैकन !
सोच-विचार गर्न पनि फुर्सतै छैन ।
संस्कारवद्ध बनेको –"रीत"
यहाँ कसैले तोड्न सक्छ र ?

>>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मायाजाल

भन्छन् –'जीवन' मायाजाल हो !
रात र दिन नै यसको चाल हो !
कति –सुख-दुःख-पीडा हर्ष
यसले सहँदै जाने हो ?

मान्छे आफैं नै बिग्रन सक्छ !
अरूले बिगार्न सक्तैन –नपात्तिए ।
यो कुरा 'शून्यप्राय–
वेलामा' पर्दछ सम्झन –नआत्तिए ।

समय त निरन्तर घुमि नै रहन्छ
कर्म गर्नतिर सब लाग्छन् ।
स्वप्न –जगत्मा विचरण गर्न–
जिउँदा प्राणीहरू पुग्छन् ।

यस कारण .....
बत्ती जस्तै 'चेत' जगाई
सर्वत्र उज्यालो छर्न पर्छ !
मर्ने हिसाबले –जिउने हैन !
जिउने हिसाबले –मर्नु पर्छ ।

>>>>

Digitization by Nindu Heritage Foundation of America. HHFA(USA)

उज्यालो अँध्यारो -को घटना

कुनै दिनको उज्यालोलाई–
र कुनै दिनको अँध्यारोलाइ !
जब जब सम्झन्छु म–
घृणा हुन थाल्छ –आफैंदेखि मलाई ।
तब छातीभित्रको वेदना–
ब्युँझिन थाल्छ –कल्पाई ।

यसपछि दोहोरिन थाल्छन्
घरी घरी ती घटना !
चलचित्र तुल्य बन्दै रटना !
अनि लाग्दछ –"निर्जन स्थलमा
मेरो लाश जलोस् !
कोही नरोऊन् मेरो निम्ति–
नाम कसैले नलियोस् .....

अन्धकारले ढाकोस् वनमा !
अनुराग नजागोस् कसैको मनमा ।
न स्वर्गको म गरुँ विश्वास !
न नर्कको नै म लिऊँ त्राश !
जिएर, कतै हराइरहूँ म–
नौलो भै एक्लै रमाइरहूँ म ।"

>>>

Digitization by Hindu Heritage-Foundation of America. HHFA(USA)

विश्व - शान्ति

समस्याले ग्रस्त छ –आजको जमाना !
नौलो जमानाको छ –बहानैबहाना ।
एउटा भन्दछ –यसो हुनुपर्छ !
अर्को भन्छ –यसमा खराबी छ ।
बाँकी सबजन –अलमलमा छन् !
यता हेर्दछन्, उता चहार्छन् ।
न कुनै सोच छ तिनमा ! केवल जिल्ल पर्छन् !
सबै बताउँछन् –"विश्व-शान्ति कायम गर्न
एकै कुराको दरकार छ ।"
तर भित्र भने कालो नियतबीच –तकरार छ ।
म सोध्दछु –एउटै कुरा
विश्वका यी "मै हुँ" भन्नेहरूसित–
"के विश्वशान्ति चिच्याउँदैमा प्राप्त हुन्छ ?"
आजको संसार –हिजोको भन्दा धेरै 'फरक' भैसक्यो
अब त कुराले मात्र काम नचल्ने भैसक्यो ।
यदि अब पनि, आफ्नै स्वार्थको मात्र
प्रतिपादन गर्न खोजिन्छ भनें–
एकले अर्को देशको उन्नतिमा
अवरोध खडा गरिन्छ भनें–
विश्व-शान्ति "बल्दो क्रान्ति" भएर दन्कनेछ !
नयाँ युगको सृजना हुनै नपाई–
'संसार' नष्ट-भ्रष्ट हुनेछ ।
एकातिर धनको महिमा अपरम्पार छ त–
अर्कोतिर गरीबीको चीत्कार छ !

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यो चाला उहिलेदेखि अटट चलिरहेछ ।
आज त्यो जमाना छैन कि–
एउटा देशले मात्र चैन गरोस् !
अर्को देशले चाहिं–
दुःख र पीरको आँसु बगाओस् !
विज्ञानको यत्रो उन्नतिमा पनि
किन आज अज्ञानको चमत्कार ?
यसको अर्थ त यही हुनसक्छ–
चीत्कारको "ज्वाला" फुट्न खोज्दैछ !
अत्याचारको बदलामा 'विध्वंशक बम' निर्माण हुँदैछ ।
यसको लक्षण –बनेका बमहरूमा हेरौं !
जसमा शोषित, पीडितहरूको–
अनुहार झल्किरहेछ ।
ठालूहरू आफ्नो 'चमत्कार'–
ठानी हाँसिरहेका छन् ।
तर यस्ताहरूलाई के थाहा–
शोषितको गाथा ? आक्रोशितको व्यथा ?
'अत्याचारी'हरूको –उसले ताकेको माथा !
यदि जगको चाला यस्तै हुन्छ त–
विस्फोटित हुन जानेछ जरूरै भण्डार ।
भश्म-खरानी हुनेछ समाज !
निमिटचान्न हुनेछ –सारा व्यवहार ।
याद रहोस् विवेकीहरूमा–
जसमा, यही कुरा सुझ्छ !
विश्व-शान्ति तब मात्र हुनेछ–
जब एकले अर्कोलाई –बुझ्छ । >>>>

Digitized by Siddhanta eGangotri Gyaan Heritage-Foundation of America. HHFA(USA)

अँध्यारो रात

चुपचाप अँध्यारो रातमा हिंड्ने पथिकलाई
कसले आश्रय दिंदोहोला ?
जसको जीवन–
अन्धकारले वेष्टित छ !
उज्ज्वलताको आशाले–
के उसलाई साथ देला ?

हिंडिरहेको छ ऊ –कुन धुनमा ?
के छ कुन्नि उसको मत्तमा ?
डरलाग्दो भयावह रातमा–
डुबेको छ ऊ –कुन विस्मातमा ?

संभव छ –बाटोले अन्तै पुऱ्याउन पनि !
संभव छ अधिल्तिर सूर्य उदाउन पनि !
विरक्तिएर हिंडेको प्राणीलाई–
के इच्छाले ठाउँमा पुऱ्याउला ?

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यदि म

यदि ममा "भावना" भन्ने चीज नहुँदो हो त–
उसले बराबर नघचघच्याउँदो हो त–
शायद आज –म, 'म' हुने थिइन !
अर्के हुने थिएँ होला–
ढुङ्गा मूढा जस्तो अचल ।
संसारको विकृति देख्दा
मेरो आत्मा यति चिढिन जान्छ कि–
शायद हुन जाने थिएँ होला म 'पागल' ।
छटपटाहटले कहिले काहीं–
मेरो होश-हवासै उड्न थाल्छ ।
टुङ्गो नलाग्दो सोचाईले–
मेरो "अङ्ग-प्रत्यङ्ग" गाल्छ ।
यसै बखत मलाई
कता कताको झल्काले–
'प्रेरणा' दिन थाल्छ ।
भावनाले –मीठो स्वरमा
बोलाए झैं –लाग्छ ।
तब म बौराउँछु, रोमाञ्चित हुन्छु !
पोख्न थाल्छु –मनको बह !
कलम समाई लेख्न म थाल्छु–
लाग्दछ –आँगनमा घाम टह टह ।
अनि लाग्दछ–
मलाई यसले नै –जियाएको छ !
रुग्ण मनस्थिति सुधार्नलाई–
यसले नै –सुधा पियाएको छ ।

>>>

Digitization by Hindi Heritage-Foundation of America. HHFA(USA)

अनमोल घडी

'भोलि भोलि' भन्दाभन्दै–
यो जीवन त्यसै नै बित्यो !
अब पछुताई –लाभै के छ र ?

'अनमोल' घडीको हेक्का
यदि राख्न सकेको हुँदो हूँ त !
विरक्तिएर म नखुम्चिंदो हूँ त !
स्थिति –अर्कै हुने थियो !
समयले नयाँ मोड लिने थियो ।

तर म 'हीनता' अँगाली जिउन चाहन्न !
फुत्कन चाहन्छु बन्धनबाट ।
मलाई दुनियाको थिचोमिचो
एकदमै मन पर्दैन ।
म चाहन्न 'दुष्टता' फलोस्–
फुलोस् –यहाँ !

भित्री आँखा खुलाई जब हेर्दछु–
अर्कै युग जन्मन लागेको म देख्तछु ।
जुन वेला जागृति लहलहाउने छ !
अनमोल घडी –यहाँ अवश्य आउने छ ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रेम-लहर

बहँदा बहँदै प्रेम-सागरमा
तिमीलाई म एकदिन पाउनेछु !
उमङ्गको प्रत्येक लहरभित्र–
"रूप" सजाई राख्नेछु ।

पल-पलको 'नवीन' कथालाई
बिर्सिन नसकिने व्यथाद्वारा
'अमर' गराई गाँस्नेछु ।

'मीठो बोली'को झंकारमा
म 'नयाँ संसार' बसाउनेछु ।
मेरो मनको बारीमा
फूल फुलाउने छु –यत्रतत्र !
असीम उद्‌गारले तिम्रो–
हरियाली हुन जानेछ पवित्र !
अनि आँखाविना पनि तिमीलाई–
म "चिन्न" र देख्न थाल्नेछु –सर्वत्र ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिमी हाँसिदेऊ !

मेरो मनको दुनियाँ–
अब, बस्न लाग्यो !
तिमी हाँसिदेऊ !
मेरो भित्री प्यारले–
गीत –गाउन लाग्यो !
तिमी नाचिदेऊ !

मेरो सोधाईको जवाफमा–
तिमी केवल ध्यान देऊ !
तिम्रो महिमा देख्नको लागि–
केवल तिमी 'चिनजान' देऊ !

प्रेमको "मन्दिर" तिम्रो हाम्रो
दूर कहाँ नै होला र ?
एकत्त्व भावमा दुवै रहेपछि
दिव्य-ज्योति नबल्ला र ?
मेरो मनको जपना–
"साकार" हुन हुन लाग्यो प्रिया
तिमी केवल नजीक आइदेऊ ।

>>>

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

समस्या

समस्यै समस्याले–
पिरोलिरहेको छ –रातदिन
दिनको चर्को उज्यालोमा–
रातको मौन अन्धकारमा–
बाटो बिर्सेर रुमल्लिएको मान्छे झैं ।
आफ्नो समस्यालाई म–
कहिले बिर्सन्छु, कहिले सम्झन्छु !
लाखौं लाखौंको बोलीमा–
समस्याकै स्वर गुञ्जिरहेको देख्छु म ।
मेरो एक समस्या !
अर्कोको अर्कै समस्या !!
सर्वत्र फैलिएको पाउँछु म ।
कसैलाई घर सँभाल्नको समस्या !
कसैलाई घर फाल्नको समस्या !
कसैलाई शक्ति र सम्मानको समस्या !
कसैलाई इमान र वेइमानको समस्या !
कसैलाई रोटीको समस्या !

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कसैलाई केटी र भेटीको समस्या ।
जता हेऱ्यो –उतै समस्यै समस्या !
जस्तो यो पृथ्वी गोल देखिन्छ
त्यस्तै समस्या पनि गोलै पाइन्छ ।
कहिले 'नटुङ्गिने' –समस्याको बाटो !
कहिले मिलन त कहिले फाटो !
समस्यै-समस्याले गराउँछ लाटो !
के योग गर्नु र ध्यान गर्नु विपस्या ?
कसैको पनि जीवन भर–
नटुङ्गिने देखिन्छ –समस्या ।

विश्वको यो रङ्गमञ्चमा–
समाधान नगरी समस्या
को गर्न सक्छ –एकान्त तपस्या ?

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रमाइलो दिन

आज छ –रमाइलो दिन !
आज खुलेको छ –उज्यालो छिन !
बादल देखिन्छन् नभमा–
फूल फुले जस्ता !
फूलहरू देखिन्छन्–
मस्त झुले जस्ता !
आज छ मग्नमस्त मन ।
कति शान्त र स्वच्छ वहन्छ हावा
पंछी कराउँछ –खाँदै कावा !
आज छ –अर्कै वातावरण ।
मोती चम्केका छन् कमल-पातमा
सूर्य झल्केका छन् थात-थातमा !
आज अनौठो छ–
प्रकृतिको आगन ।
दिन डुबेपछि 'चन्द्र' उदायो !
ताराहरू झल्काई, मुस्कायो !
मौन निशामा–
मुग्ध छ जीवन ।
अपूर्व-दृश्य देखिन आएको छ !
यसले सबलाई रमाएको छ !
बिर्साइरहेछ –दीनदुखी पन ।
(रमाइलो दिन)

>>>

Digitization by Hindu-Heritage Foundation of America. HHFA(USA)

म आफूलाई चिन्दिन

कुन्नि के कारणले हो–
कहिले-काँही म 'आफैंलाई पनि' चिन्दिन !

अक्सर म आफूलाई–
अदृश्य खोजमा डुबिरहेको पाउँछु ।
केही हराए झैं, केही बिर्से झैं–
आफूलाई म भेट्टाउँछु ।

कहिले काँही –म आफैंलाई
'केही हुँ' भन्ने पनि गन्दिन ।

कहिले काँही –म सोच्छु
'मेरो' भन्नु यहाँ केही छैन ।
तब धकेल्छ अन्तरले मलाई–
त्यहाँ, नपाइने केही हुँदैन ।

म संसार 'आफैंभित्र' घुसेको पाउँछु !
जसलाई गुमाउन –म कहिले खोज्दिन ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सेवाको गाँव

जिन्दगीलाई 'सक्षम' बनाउँछु भनी
आज सबै –अगाडि सरेका छन् ।
वास्तवमा जीवन के ले बन्छ ?
त्यो भने 'बिर्सेका' देखिन्छन् ।

के सार्थकता हो –पैसाको 'छनछन' ?
या हो भित्री आनन्दी पन ??
हाम्रो 'देश बिग्रियो' भनी–
सबले बकबक गर्न त जाने !
तर स्वार्थरहित भै कसैले पनि
रहनै पर्ने चाहिँ –नठाने !

भ्रष्टाचारको कुरा त झिक्दछन्
तर 'सदाचारमा' अड्दैनन् ।
के देश बन्छ त यसो गर्दा ?
किन सर्दैनन् अघि –आपत पर्दा ?

'समष्टि' –भाव नजागी कहिल्यै
संकट –दूर हुँदैन देशको ।
'निष्ठापूर्वक' लागि नपरी–
हट्दैन चाला –क्लेशको ।

➢➢➢

Digitization by Himdu Heritage-Foundation of America. HHFA(USA)

आत्म-विश्वास

मैले सुनेथें –"आत्म-विश्वासको"–
मूल बाटो नै "सही ज्ञान हो ।"
ज्ञानको आधार नै–
जीवन विकसित हुने –'सोपान' हो ।
तर ज्ञानको 'आर्जन' गर्न भने–
अनेक किताबको सार झिक्नुपर्छ ।
यो एक प्रकारको तपस्यै हो–
जसमा मानिसले लाग्न सक्नुपर्छ ।

मानिसहरू भन्छन् –'जस्तो अन्धकार हटाउन
हामी बत्ती बाल्ने गर्छौं ।
त्यस्तै अन्ध-विश्वासलाई बढार्न
आत्म-विश्वासको चेत उघाछौं ।'
मानिस जति सोच्छ, अध्ययन गर्छ
उति बाटो खुलाउँछ –विकासको !
कठोर बाधालाई –हटाई
स्वच्छ विचार छर्छ प्रकाशको ।

मनुष्य-जीवन यति सूक्ष्म छ कि–
पहिले त तस्वीर ऊ आफ्नै देख्दछ ।
ज्ञानले सुशोभित भइकन पनि ऊ–
बारम्बार –तुच्छ सपना देख्दछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बाहिरी नजरले हेर्दाखेरि त–
'अध्ययनको' नै देखिन्छ ऊ खानी ।
तर विकृत स्थितिले गर्दामा–
बिग्रिन सक्छ –मनुष्यको बानी ।

देखिन्छ –पुस्तकको आज खातै खात–
मानिसको दिमागभित्र घुसेको ।
बोल्छ –अचम्म अचम्मको कुरा अनेकौं
यसकै नशामा –ऊ छ –फसेको ।

'विवेचना' गर्न त परै जाओस्–
'सोच्न पनि' अल्झी लाग्छ उसलाई !
बोक्रे-अहम् दिमागमा भरेर–
अकडिएको देखिइन्छ –उसलाई ।

केवल 'पढेर मात्रै' पनि मान्छे, आत्मविश्वासी बन्दैन !
पढ्ने त अनेकौं देखिन्छन्, तर भित्री चेत खुलेको हुन्न ।
पढ्नु र अध्ययन गर्नु, अनि विचार 'मथ्नु पनि' पर्दछ ।
जीवनको गतिलाई निहारी –निचोड निकाल्नु पनि पर्दछ ।

बिझाउँछ जसरी 'काँढाले' आफूलाई
त्यस्तै –अरू लाई पनि सम्झनु पर्छ ।
एउटाले –अर्कोप्रति विवेचना गरे
"विश्व-रूपै" पनि –देखिन सक्छ ।

Digitization by Himal Heritage Foundation of America. HHFA(USA)

निश्चय नै –पहाडले 'सुनेर' बनाई
'भित्री ढोका' खोल्न सिकाउँछ ।
तर भित्र रहेको साश्वत तत्त्व
निश्छलताले –पहिल्याउँछ ।

आदि र इत्यादि कुरा, जसले चिन्तनमा उग्राउँछ–
आखिर त्यस्तो नै आत्म-विश्वासी हुनसक्छ ।
समष्टि –बुझेको मान्छेले नै–
सबलाई प्रेरणा दिन पनि सक्छ ।

आत्म-विश्वासको गहिराईमा–
जति जति 'मानिस' डुब्ने हुन्छ ।
उति उति –उसको विचारले–
अरूलाई पनि 'जीवन' दिन्छ ।

जस्तो सुगन्धी फूल फुलेर–
सर्वत्र 'सुगन्धित' पार्ने हुन्छ ।
त्यस्तै नै "आत्म-विश्वासी" पनि
सर्वत्र 'उज्यालो' छर्ने बन्छ ।

सूर्यसरि भै –अन्धकारको–
त्यस्तोले गर्छ विनाश ।
'कर्मठ' सारालाई पारी–
भर्दछ 'आत्मविश्वासी' उल्लास ।

➢➢➢

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



निर्मल कुमार रिमाल

जन्ममिति	:	१९९३ चैत्र
जन्मस्थान	:	५११ कालिकामार्ग, काठमाडौं, नेपाल
पिता	:	स्व. कविराज नरेन्द्रनाथ रिमाल
माता	:	स्व. शेष मञ्जरीदेवी रिमाल
शिक्षा	:	एम.ए., अंग्रेजी साहित्य-त्रि.वि.वि.
अध्यक्ष	:	'नवीन कला मन्दिर' सामाजिक कार्यसंयोजक
प्रोप्राइटर	:	आरोग्य भवन वर्क्स (आयुर्वेदिक औषधि-निर्माता-वि.सं. २०३४ देखि २०५६ सम्म)
प्रेरणा	:	लक्ष्मीप्रसाद देवकोटा
विश्वास	:	"सार्थक जीवंन" बाँचौ भन्ने।

प्रकाशित कृतिहरू :

'एभरेष्ट रिभ्यु' — अंग्रेजी
ज्ञान विज्ञान — नेपाली
ह्युमन होप्स रिभाइव्ड — 'अंग्रेजी कविता संग्रह'
'संवेदनशीलतामा उनिएका रहरहरू' - नेपाली कविता संग्रह।